Kantipur

# जडीबुटी क्षेत्र घोषणा गर्न सुझाव

काठमाडौं, २५ असार (कास)- जडीबुटी क्षेत्र घोषणा गरी यसको संरक्षणमा ध्यान दिनुपर्नेमा सम्वन्धित विशेषज्ञहहरूले जोड दिएका छन्। वन स्रोत धेरै छन्, यसलाई आर्थिक लाभका रूपमा उपयोग गर्न सक्नुपर्छ। तर यसका लागि विद्यमान कानुनी बाधा अड्चन भएकोतर्फ पनि उनीहरूले औंल्याए।

वन स्रोत उपयोग गर्न सके गरिबी निवारणमा सहयोगी हुने भएकाले यसको नीति नियमलाई समयसापेक्ष बनाउनुपर्ने वन विभागका उप-महानिर्देशक डा. केशव कँडेलले बताउनुभयो। गैरकाष्ठ वन पैदावारले हिमाली तथा पहाडी क्षेत्रमा प्रशस्त मात्रामा आम्दानी दिइरहेकाले यी क्षेत्रको जीविकोपार्जनमा सहज हुँदै आएको छ। यी वनस्पति तथा जडीबुटी व्यवस्थापनमा समयसापेक्ष नीति निर्माण गरी अध्ययन अनुसन्धान हुनुपर्नेमा पनि उ. . जोड दिनुभयो।

दिगो कृषि तथा जैविक स्रोतका लागि एसियाली नेटवर्क (एन्साव) द्वारा आयोजित दुईदिने गैरकाष्ठ वन पैदावारमा विद्यामान नीति नियमसम्वन्धी समीक्षात्मक कार्यशालामा पूर्व सांसद आनन्द पोखरेलले यस सम्वन्धमा सरकारले जनमुखी नीति नियमहरू बनाउन नसकेको आरोप लगाउनुभयो।

उक्त कार्यक्रममा एन्सावका कार्यकारी निर्देशक भीष्मप्रसाद सुवेदीले गैरकाष्ठ वन पैदावारसम्वन्धी विद्यमान अस्पष्ट नीति नियमहरू सुल्झाउन यससँग सम्वद्ध संघसंस्थाले पहल गर्नुपर्ने बताउनुभयो।

Thursday July-10-003/Kantipur